# टैंक ट्रक लकिङ्ग प्रणाली सम्बन्धी कार्यविधि, २०७४

निगमवाट पेट्रोलियम पदार्थ ढुवानी गर्न अनुमति पाएका टैंक ट्रकमा सुरक्षित तथा व्यवस्थित तवरवाट पेट्रोलियम पदार्थ ढुवानी गर्ने बाञ्छनीय भएकोले,

निगम संचालक समितिले देहायको कार्यविधि वनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम टैंक ट्रक लकिङ्ग प्रणाली सम्बन्धी कार्यविधि, २०७४ रहेको छ ।

(२) यो कार्य विधि २०७४ साल चैत्र १ गते देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधि-

(क) "कार्यकारी निर्देशक" भन्नाले निगमको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ख) "खरिदकर्ता" भन्नाले निगमको पेट्रोलियम पदार्थ विक्री वितरण गर्न अनुमतिपत्र प्राप्त विक्रेता सम्झनु पर्छ र सो पदले ठूला उपभोक्तालाई समेत जनाउँछ ।

(ग) "टैंक ट्रक" भन्नाले निगमबाट पेट्रोलियम पदार्थ ढुवानी गर्न अनुमति प्राप्त टैंक ट्रक सम्झनु पर्छ ।

(घ) "टैंक ट्रक लकिङ्ग प्रणाली" भन्नाले सिंगल मेकानिकल सेकुरीटी लकिङ्ग सिष्टम सम्झनु पर्छ ।

(ङ) "डिपो प्रमुख" भन्नाले निगमको डिपो प्रमुख सम्झनुपर्छ र सो शब्दले प्रादेशिक प्रमुख, आयोजना प्रमुख तथा कार्यालयका प्रमुख समेतलाई जनाउँछ ।

(च) "ताल्चा" भन्नाले निगमले उपलव्ध गराएको विशेष किसिमको ताल्चा सम्झनु पर्छ ।

(छ) "निगम" भन्नाले नेपाल आयल निगम लिमिटेड सम्झनु पर्छ ।

(ज) "मास्टर साँचो (कि)" भन्नाले निगमले उपलब्ध गराएको विशेष किसिमको जुनसुकै ताल्चा खोल्न र वन्द गर्न प्रयोग गरिने साँचो सम्झनु पर्छ र सो शब्दले सिरिज कीलाई समेत जनाउँछ ।

(झ) "साँचो (कि)" भन्नाले निगमले उपलब्ध गराएको विशेष किसिमको ताल्चा खोल्न र वन्द गर्न प्रयोग गरिने साँचो सम्झनु पर्छ ।

(ञ) "स्पेसिफिक की" भन्नाले निगमको खरिदकर्ताको लागि प्रयोगमा ल्याइने स्पेसिफिक कि सम्झनु पर्छ ।

३. **ढुवानी गर्नु अघि टैंक ट्रक जाँच गराउनु पर्ने :** (१) निगमवाट ईण्डियन आयल कर्पोरेशन (आईओसी) मा पेट्रोलियम पदार्थ ढुवानी गर्न जानु अघि निगमको डिपोवाट टैंक ट्रक चेक जाँच गरी तोकिएको वमोजिमको ताल्चा लगाएर मात्र जानु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम चेक जाँच गर्ने विधि तथा अन्य प्रकृया निगमले समय समयमा निधारण गरे बमोजिम हुनेछ ।

४. **ईण्डियन आयल कर्पोरेशनवाट लोड भएका टैंक ट्रकवाट अनलोड गर्ने सम्बन्धी :** (१) निगमले तोकेको ईण्डियन आयल कर्पोरेशनको डिपोवाट पेट्रोलियम पदार्थ लोड गरी ल्याउंदा निगमले तोके बमोजिमको ताल्चा लगाई ल्याउनु पर्नेछ ।

तर निगमले ताल्चाको व्यवस्था नगरेको अवस्थामा ईण्डियन आयल कर्पोरेशनको डिपोबाट ताल्चा नलगाई पेट्रोलियम पदार्थ ढुवानी गर्दा कुनै बाधा पर्ने छैन ।

(२) ईण्डियन आयल कर्पोरेशनको डिपोवाट पेट्रोलियम पदार्थ ढुवानी गरी आएका टैंक ट्रक निगमले अपनाइएको मापदण्ड अनुसार निगमको डिपोमा खन्याइनेछ ।

(३) उपदफा (२) बमोजिम डिपोमा खन्याउनु नपर्ने अवस्थामा त्यस्तो टैंक ट्रकलाई डाइभर्ट गरी निगमले तोकेको अन्य डिपो वा पेट्रोलियम पदार्थ विक्री गर्न अनुमति पत्र प्राप्त पेट्रोल पम्पमा पठाउन सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम खन्याउनु वा पठाउनु अघी डिपो प्रमुखले पेट्रोलियम पदार्थको परिमाण तथा गुणस्तर पेट्रोलियम पदार्थको गुणस्तर नियन्त्रण विनियम, २०६४ बमोजिम चेक जाँच गरी पेट्रोलियम पदार्थको गुणस्तर यकिन गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम चेक जाँच गर्दा ट्रेम्प्रेचर लस/गेन (Temperature Loss/Gain), दावि योग्य नोक्सानी (Claimable Loss) र जम्मा प्राप्त हुन आउने (Total Quantity) परिमाण लगायतका विषय निगमले अपनाइ रहेको प्रकृया वमोजिम हुने छ ।

(६) यस दफा वमोजिम टैंक ट्रकले पेट्रोलियम पदार्थ ढुवानी गर्दा पेट्रोलियम पदार्थ गुणस्तर तथा टैंक ट्रक फिटिङ्गमा कुनै कैफियत देखिएमा निगमको सम्बन्धित विनियमावली बमोजिम कार्यवाही हुनेछ ।

५. **निगमको डिपोवाट लोड हुने टैंक ट्रक सम्बन्धी :** (१) निगमको डिपोबाट पेट्रोलियम पदार्थ लोड गर्नु अघि डिपो प्रमुखले कारोबार गर्ने टैंक ट्रकको चेक जांच गर्नु पर्नेछ ।

(२) निगमको डिपोबाट पेट्रोलियम पदार्थ खरिदकर्तालाई परिमाण समेत यकिन गरी डिपो प्रमुखले निज र ढुवानीकर्ताको सही छाप गराउनु पर्नेछ ।

(३) निगमको डिपोवाट पेट्रोलियम पदार्थ लोड गरी डिपोबाट वाहिर गए पछि पेट्रोलियम पदार्थको गुणस्तर र परिमाणको जिम्मेवारी सम्वन्धित ढुवानीकर्ता र खरिदकर्ताको हुनेछ ।

## ६. **तात्चा प्रयोग सम्वन्धी :**

(क) टैंक ट्रकको पुरै क्षमताको पेट्रोलियम पदार्थ निगमको डिपोवाट खरिद गर्दा :

(१) टैंक ट्रकमा लोड भएको सवै पेट्रोलियम पदार्थ खरिद गर्ने चाहने विक्रेताले निगमको डिपोलाई त्यसको व्यहोरा जानकारी गराउनु पर्नेछ ।

(२) यसरी पेट्रोलियम पदार्थ खरिद गर्दा सधैको लागि कायम हुनेछ ।

(३) दफा ५ को उपदफा (२) बमोजिम पेट्रोलियम पदार्थ खरिदकर्ताले पेट्रोलियम पदार्थ परिमाण यकिन गरे पछि निगमले निज खरिदकर्तालाई तोकिएको एकल ताल्चा (सिगल लक) लगाई पठाईनेछ ।

(४) पेट्रोलियम पदार्थ खरिदकर्ताको लागि तोकिएको सांचो निगमको डिपोले निजलाई उपलव्ध गराउनेछ ।

(५) यसरी पेट्रोलियम पदार्थ ढुवानी गरी सके पछि टैंक ट्रकवाट तोकिएको पेट्रोलियम पदार्थ अनलोड गरी तोकिएको व्यवस्था अनुसार पुनः ताल्चा लाउनुपर्ने जिम्मेवारी पेट्रोलियम पदार्थ खरिदकर्ता र ढुवानीकर्ताको हुनेछ ।

(ख) पृथक पृथक पेट्रोलियम पदार्थ ढुवानी गर्दा :

(१) एकल एकल चेम्बरबाट पेट्रोलियम पदार्थ ढुवानी गर्न दिइने छैन ।

(२) माथी खण्ड (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि पेट्रोलियम पदार्थ खरिदकर्ता मिली एकल एकल चेम्वरबाट पेट्रोलियम पदार्थ खरीद

गरी ढुवानी गर्न चाहेमा त्यसको जानकारी निगमको डिपोलाई दिनु पर्नेछ ।

(३) दफा ५ को उपदफा (२) बमोजिम पेट्रोलियम पदार्थ खरिदकर्ताहरूले पेट्रोलियम पदार्थ परिमाण यकिन गरे पछि निगमले निज खरिदकर्ताहरूलाई तोकिएको एकल ताल्चा (सिगल लक) लगाई पठाईनेछ ।

(४) यसरी पेट्रोलियम पदार्थ ढुवानी गर्दा निगमको डिपो प्रमुखले विक्रेताहरूलाई अलग अलग साँचो उपलव्ध गराउनु पर्नेछ ।

(५) यसरी पेट्रोलियम पदार्थ ढुवानी भएको टैंक ट्रक पहिलो पेट्रोल पम्पको परिसरमा सम्बन्धित पेट्रोलियम पदार्थ खरिद गर्ने क्रेताले एकल ताल्चा (सिंगल लक) अनुसार लगाएको ताल्चा खोलि निर्दिष्ट चेम्बरबाट मात्र आफूले खरिद गरेको पेट्रोलियम पदार्थ खाली गर्नु पर्नेछ र पुन: सोही ताल्चा लगाई अन्य पेट्रोलियम पदार्थ खरिद गर्ने क्रेताकहाँ पठाउनुपर्नेछ । त्यसै गरी क्रमश: रुपमा अन्तिम विक्रेताले ताल्चा लगाई निगमको सम्बन्धित डिपोमा पठाउनुपर्नेछ ।

(६) यसरी आएका टैंक ट्रकको निगम डिपो प्रमुखले उक्त ताल्चा खोलि सुरक्षित साथ डिपोमा राख्नु पर्नेछ र आवश्यकता अनुसार कुन ताल्चा लगाउनु पर्ने हो सो लगाई प्रकृया अगाडी बढाउनु पर्नेछ ।

(ग) पेट्रोलियम पदार्थ निगमको डिपोबाट अर्को डिपोमा ढुवानी गर्दा :

(१) सम्बन्धित डिपोले पेट्रोलियम पदार्थ ढुवानी गर्ने टैंक ट्रकको लागि अन्य प्रयोग नहुने छुट्टै ताल्चा प्रयोग गर्नु पर्नेछ ।

(२) यसरी प्रयोग गर्दा माष्टर की सम्बन्धित डिपोहरूमा पहिले नै यकिन गरि पठाउनु पर्नेछ ।

७. <u>**मास्टर की :**</u> (१) एक डिपोमा आवश्यकता अनुसार एक भन्दा बढी मास्टर की राख्न र प्रयोग गर्न सकिनेछ ।

(२) सकेसम्म एक प्रकारको खरिदकर्ताको लागि एउटा स्पेसिफिक तथा डिपो ट्रान्सफरको लागि अर्को एकमात्र मास्टर की प्रयोग गर्नुपर्छ ।

तर लोडिङ्ग प्वाईन्ट परिवर्तन गरी अर्को प्वाईन्टबाट समेत लोड गर्नुपर्ने अवस्थामा एक भन्दा बढी मास्टर की प्रयोग गर्न सकिनेछ ।

(३) प्रयोग नभएका मास्टर की तथा प्रयोग भएको मास्टर कीलाई प्रयोग गरिसकेपछि इलेक्ट्रोनिक सेफमा राख्नु पर्नेछ ।

(४) मास्टर की प्रयोग गर्दा सम्बन्धित कार्यालयको कम्तिमा दुई जना तोकिएको कर्मचारीहरू (अधिकृत स्तर) लाई जिम्मा दिई रेकर्ड राखी प्रयोगमा ल्याउनु पर्नेछ ।

(५) मास्टर की लाई मेटालिक रिङ्गमा राख्नुपर्ने र सो रिङ्गलाई ठुलो चेनले बाँध्नु पर्छ र प्लेटफार्ममा कुनै निश्चित ठाउँमा सम्बन्धित कर्मचारीको निगरानीमा राख्नु पर्छ । सम्बन्धित कर्मचारी कुनै कारणबाट उक्त ठाउँ बाट अन्य ठाउँमा जादाँ रिङ्ग चेन सहित आफ्नै साथमा लानु पर्छ । पुनः लक र अनलक गर्नुपर्दा तोकिएको कर्मचारीको उपस्थितिमा गर्नु पर्नेछ ।

(६) मास्टर की डिपोको परिसरभन्दा बाहिर लानुहुँदैन ।

(७) कुनै विशेष कारणबश मास्टर की डिपोको परिसरबाट बाहिर लानु परेमा कार्यकारी निर्देशकको स्वीकृति लिई निजले तोकेको प्रक्रियामा लैजानु पर्नेछ । कार्यकारी

निर्देशकको स्वीकृतिमा डिपोको परिसरबाट बाहिर लगेकोमा त्यसको मिति, समय लगत तयार गरी निगमको केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ ।

(८) मास्टर की बिग्रेमा (खिएमा, भाँचिएमा तथा बाङ्गिएमा) सम्बन्धित डिपो प्रमुखले अधिकृतहरूको रोहवरमा त्यस्तो मास्टर की नष्ट गरी त्यसको जानकारी निगमको केन्द्रीय कार्यालय तथा अन्य डिपो कार्यालयमा लिखित रुपमा गराउनु पर्नेछ ।

(९) मास्टर की हराएमा सम्बन्धित डिपो प्रमुखले निगमको केन्द्रिय कार्यालयसंग तत्काल सप्लाई सम्बन्धमा वैकल्पिक (सिलबन्दी) व्यवस्थाको स्वीकृति लिई पेट्रोलियम पदार्थको आपूर्ति तथा वितरणलाई सहज बनाउनु पर्नेछ ।

(१०) मास्टर की हराएमा सम्बन्धित डिपो प्रमुखले निगमको केन्द्रिय कार्यालयमा जानकारी गराउनु पर्नेछ ।

(११) डिपो प्रमुखले हराएको मास्टर कि अन्तर्गतका सम्पूर्ण ताल्चा तथा साँचोहरू प्रयोग नगरी यथाशिघ्र नयाँ ताल्चा तथा साँचोहरूको प्रबन्ध गर्नु पर्नेछ ।

(१२) मास्टर की हराएको छानबिन कार्य दफा १६ बमोजिमको समितिले गर्नेछ ।

(१३) हराएको मास्टर की पछि फेला परेमा त्यस्तो मास्टर की प्रयोग गर्न हुँदैन र त्यस्तो मास्टर कि अन्तर्गतका सम्पूर्ण ताल्चा तथा साँचोहरू नष्ट गर्नु पर्नेछ ।

(१४) मास्टर कीको प्रयोगको रेकर्ड अनुसूची १ बमोजिम राखी मात्र प्रयोग गर्नुपर्छ ।

**८. ताल्चा :** (१) प्रत्येक डिपोको स्टोरमा लागि प्रयोग भएका ताल्चाको २५% अनुपातमा बढी ताल्चा राख्नु पर्नेछ ।

(२) डिपो प्रमुखले तोकेको कर्मचारीबाट मात्र ताल्चा राख्ने, प्रयोगमा ल्याउने र टैंक ट्रकलाई जिम्मा दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) दैनिक रुपमा ताल्चा प्रयोग सम्बन्धी रेकर्ड राख्नु पर्नेछ ।

(४) त्यस्तो टैंक ट्रकलाई पेट्रोलियम पदार्थ लोड गर्न/पि.डि.ओ. उपलब्ध गराइने छैन ।

(५) उपदफा (४) को अवस्था आईपरेमा डिपो प्रमुखले छानवीन गराई सो को प्रतिवेदन लिनु पर्नेछ । प्रतिवेदनबाट ताल्चा बाँकी रहेको देखिएमा ताल्चाहरूको लागत मूल्य (पछिल्लो पटक खरिद गरेको बिल अनुसारको रकम) सम्बन्धितबाट असुल उपर गरी निगम खातामा जम्मा गर्नु पर्नेछ ।

(६) ताल्चामा खिया लाग्न नदिन डिपो परिसरमा आवत जावत गर्ने प्रत्येक टैंक ट्रकमा जडित ताल्चामा मासिक रुपमा ब्लतष च्गकत क्उचबथ को प्रयोग डिपो प्रमुखले आफ्नो रोहवरमा गराउनु पर्नेछ ।

९. **प्रयोग विधि :** (१) निगमको सम्बन्धित डिपोमा तोकिएको कर्मचारीबाट मात्र ताल्चा लगाउने कार्य गर्नु पर्नेछ ।

(२) प्रत्येक डिपोमा लक खोल्ने र बन्द गर्नलाई छुट्टै वा तोकिएको स्थान वा प्लेटफार्मको ब्यवस्था गर्नु पर्नेछ ।

१०. **जिम्मेवारी तथा जवाफदेहिता :** (१) लकिङ प्रणालीको सुरक्षा, सञ्चालन तथा व्यवस्थापनको सम्पूर्ण जिम्मेबारी सम्बन्धित डिपो प्रमुखको हुनेछ ।

(२) सम्बन्धित डिपो प्रमुखले लकिङ प्रणालीमा संलग्न हुने कर्मचारीको नाम तोकी निम्न अनुसारको काम, कर्तव्य र जिम्मेवारी दिनु पर्नेछ :

(क) माष्टर की डिपो प्रमुखले तोकेको कर्मचारीले बुझी रजिष्टरमा हस्ताक्षर गर्नु पर्नेछ ।

(ख) माष्टर की बुझेको कर्मचारीले कार्य समाप्त भए पछि रजिष्टरमा हस्ताक्षर गरी सम्बन्धित डिपो प्रमुखलाई बुझाउनु पर्नेछ ।

(ग) डिपोमा सिफ्टको आधारमा लोडिङ्ग अनलोडिङ्ग कार्य हुने भएमा पहिला बुझेको कर्मचारीले सम्बन्धित प्रमुखले तोकेको अर्का सिफ्टको कर्मचारीलाई बुझाउनु पर्नेछ ।

(घ) खरिदकर्तासँग भएको स्पेसिफिक कि तथा निगमको अन्य डिपोमा भएको माष्टर की बुझ्नु पर्ने भएमा डिपो प्रमुखले तोकेको कर्मचारीले बुझी रजिष्टरमा हस्ताक्षर गरी डिपो प्रमुख र निगमको केन्द्रीय कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

(ङ) डिपो प्रमुख भ्रमण, तालिम वा विदामा बस्नु परेमा निजले तोकेको अधिकृतलाई लिखितमा लकिङ सिस्टमको काम, कर्तव्य, अधिकार स्पष्ट रुपमा उल्लेख गरी जिम्मा दिई र त्यसको जानकारी निगमको केन्द्रीय कार्यालयलाई दिनु पर्नेछ ।

(च) डिपोको विक्रीको परिमाणको आधारमा आवश्यक भएमा सम्बन्धित डिपो प्रमुखले लिखित रुपमा पूर्व दिई उक्त कार्यका लागि बरिष्ठ अधिकृत तोक्न सक्नेछ ।

(छ) खण्ड (च) बमोजिम बरिष्ठ अधिकृत तोकेमा डिपो प्रमुखले त्यसको जानकारी निगमको केन्द्रीय कार्यालयलाई दिनु पर्नेछ ।

(३) डिपो प्रमुखले लकिङ्ग प्रणाली सम्बन्धमा निगमका कर्मचारी, खरिदकर्ता, ढुवानी व्यवसायी, चालक/सहचालक आदिलाई समय समयमा जानकारी गराउनु पर्नेछ ।

**११. टैंक ट्रकको लकिङ्ग प्रणाली चेकजाँच सम्बन्धी :** (१) टैंक ट्रकको देहाय बमोजिम नियमित रुपमा चेकजाँच गर्नु पर्नेछ :-

(क) लकिङ्ग प्रणालीसँग जोडिएका हिन्जहरू, फ्लेन्ज जोईन्टहरू लगायत अन्य फिटिङ्गहरू राम्रो सँग वेल्डिङ्ग भए नभएको ।

(ख) वेल्डिङ्गहरू पूर्ण, बलियो र सजिलै विगार्ने अवस्थामा रहे नरहेको ।

(ग) डेलिभरी भल्भ माथिको चेक नट राम्रो संग वेल्ड भए नभएको ।

(घ) Spindle Wheel हटाउन सकिने अवस्थाको रहे नरहेको ।

(ङ) हिन्ज जोईन्टहरू वाहिरवाट नदेखिने गरी भित्रवाट वेल्डिङ्ग भए नभएको ।

(च) वेल्डेड जोईन्टहरू, डोम कभरका हिन्जहरू साथै रडमा भएका जोईन्टहरू रङ्गरोगन भए नभएको ।

(छ) लकिङ्ग रड, मेनिफोल्ड बक्समा Cutting/Re-welding or tempering भए नभएको ।

(ज) चोरी मिसावट हुन नदिने सम्बन्धमा निगमले समय समयमा तोकेको अन्य कार्य भए नभएको ।

(२) ढुवानी व्यवसायीसंग रङ्ग नलगाएको स्टेनलेस स्टिल (Stainless Steel) लकिङ्ग रड र मेनिफोल्ड बक्स हुनु पर्नेछ ।

(३) ढुवानी व्यवसायीले लकिङ्ग फिटीङसंग सम्बन्धित जोईन्टहरू रङ्ग नलगाएको सुनिश्चित गर्नु पर्नेछ ।

(४) टैंक ट्रकको लकिङ्ग फिटीङमा रङ्ग लागेको टैंक ट्रकलाई रङ्ग हटाएपछि मात्र पि.डि.ओ. दिनु पर्नेछ ।

(५) डिपो प्रमुख वा निजले खटाएको अधिकृतले यस दफा बमोजिम चेकजाँच गरि त्यसको प्रतिवेदन सुरक्षित राख्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको प्रतिवेदनबाट कुनै कुनै कमि देखिएका डिपो प्रमुखले सो को लिखित स्पष्टिकरण

ढुवानी व्यवसायी संग मागी कारवाही गर्नु पर्ने भएमा निगमको ढुवानी विनियमावलीमा व्यवस्था भए अनुसार कारवाही आफैंले गर्ने भए आफैंले गरी नमिल्ने भए कारवाहीका लागि निगमको केन्द्रिय कार्यालयमा लेखि पठाउनु पर्नेछ ।

**१२.** **निरीक्षण :** (१) निगमको केन्द्रिय कार्यालयले सम्बन्धित डिपोको लकिङ्ग प्रणालीको नियमित तथा आकष्मिक निरीक्षण गर्नेछ ।

(२) निरीक्षणवाट प्राप्त सुझावलाई कार्यालय प्रमुखले कार्यान्वयन गर्नु पर्नेछ ।

(३) प्रत्येक निरीक्षणको प्रतिवेदन कार्यकारी प्रमुखमा पेश गर्नु पर्नेछ ।

**१३.** **टैंक ट्रक दुर्घटना भएमा अपनाउनु पर्ने विधि :**

(क) आई.ओ.सी. डिपो देखि निगमको सम्बन्धित डिपोसम्मको हकमा :

(१) टैंक ट्रकहरूको दुर्घटना भएमा पेट्रोलियम पदार्थलाई जोगाउन लक खोल्नको लागि मास्टर कि सम्बन्धित डिपोबाट नल्याई ताल्चालाई काटी लक खोल्नु पर्नेछ ।

(२) डिपो प्रमुखले ताल्चा काटी खोलिएको लक ढुवानी व्यवसायी तथा सम्वन्धित प्रहरी कार्यालयसंग विवरण लिई सो को अभिलेख राख्नु पर्नेछ ।

(३) डिपो प्रमुखले यसरी काटिएको लकको खर्च ढुवानी व्यवसायी संग लिनु पर्नेछ ।

(ख) निगमको डिपो देखि खरिदकर्तासम्मको हकमा :

(१) टैंक ट्रकहरूको दुर्घटना भएमा पेट्रोलियम पदार्थलाई जोगाउन लक खोल्नको लागि मास्टर कि सम्बन्धित डिपो तथा उपभोक्ताबाट नल्याई ताल्चालाई काटी लक खोल्नु पर्नेछ ।

(२) डिपो प्रमुखले ताल्चा काटी खोलिएको लक ढुवानी व्यवसायी तथा सम्वन्धित प्रहरी कार्यालयसंग विवरण लिई सो को अभिलेख राख्नु पर्नेछ ।

(३) डिपो प्रमुखले काटिएको तालाको साँचो र काटिएको लकको खर्च ढुवानी व्यवसायीसंग लिई निजलाई नयाँ सेट उपलब्ध गराउनु पर्नेछ ।

**१४. <u>खरिदकर्ताको साँचो हराएमा अपनाउनु पर्ने विधि :</u>** (१) खरिदकर्तालाई दिएको स्पेसिफिक कि हराएमा निजले तुरुन्त सम्बन्धित डिपो र स्थानिय प्रहरी कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) सम्बन्धित डिपो प्रमुखले उक्त ताल्चा सेटको आवश्यक लागत खर्च लिई निजलाई नयाँ ताल्चा सेट उपलब्ध गराउनु पर्नेछ ।

(३) स्पेसिफिक कि हराएको छानबिन कार्य दफा १६ बमोजिमको समितिले गर्नेछ ।

**१५. <u>ताल्चा साँचो नष्ट गरिने :</u>** (१) देहायको अवस्थामा प्रयोगमा आएका सेट (सेरिज) को सम्पूर्ण ताल्चा र साचो नष्ट गरिनेछ :

(क) विक्रेतासंग रहेको स्पेसिफिक कि हराएमा ।

(ख) धेरै समय सम्म एउटै साँचो तथा ताल्चा प्रयोग भई खिईन गईकाम नलाग्ने भएमा ।

(ग) विक्रेताले नियमित सप्लाई नलिदा र स्पेसिफिक कि समयमै फिर्ता नगरेमा वा हराएमा ।

(घ) टैंक ट्रकहरू दुर्घटना भएको अवस्थमा मेनहोल कभर खोल्नको लागि ताल्चा काट्नु परेमा/नष्ट गरेमा ।

(२) काम नलाग्ने साँचोलाई डिपो प्रमुख र तीन जना अधिकृत वा बरिष्ठ कर्मचारीको रोहबरमा उक्त साँचोहरूलाई तीन टुक्रा (साँचोको टुप्पोमा रहेको Zik Zak प्याटर्नलाई पूर्ण रुपमा नष्ट पार्ने) पार्नु पर्नेछ ।

(३) काम नलाग्ने साँचोको नम्बर र टुक्रा पारिएको संख्या समेत यकिन गरी प्रतिस्थापनको लागि निगमको केन्द्रिय कार्यालयमा पठाउनु पर्नेछ ।

**१६. <u>समिति गठन सम्वन्धमा :</u>** (१) लकिङ्ग प्रणालीको आवश्यक निगरानी तथा यस कार्यविधिको कार्यान्वयको अवस्था लगायतका विषयमा अध्ययन गर्न देहायको एक समिति रहनेछ

(क) कार्यकारी प्रमुखले तोकेको आपूर्ति तथा वितरण विभागको प्राविधिक अधिकृत

(ख) ईन्जिनियरिङ्ग तथा परियोजना विभागको प्राविधिक अधिकृत

(ग) कानून अधिकृत वा निज नभएमा प्रशासन विभागको अधिकृत

(घ) आपूर्ति तथा वितरण विभागको प्राविधिक अधिकृत

(२) समितिले लकिङ्ग प्रणालीका सम्बन्धमा यस कार्यविधि बमोजिमको प्रत्येक घटनाको छानविन गरी सो को विस्तृत प्रतिवेदन कार्यकारी निर्देशक समक्ष पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सिफारिस गर्दा घटनामा दोषी व्यक्ति पत्ता लगाई निजहरूलाई निगमको प्रचलित कुन विनियमको कुन व्यवस्था अनुसार के कस्तो कारवाही र सजाय गर्नु पर्ने तथा भविष्यमा यस्ता घटना हुन नदिन अपनाउनु पर्ने विषय समेत उल्लेख गर्नु पर्नेछ ।

१७. **यस कार्यविधिको व्याख्या :** यस कार्यविधिको व्याख्या गर्ने अधिकार निगमको संचालक समितिमा निहित रहनेछ ।

१८. **निर्देशन दिन सक्ने :** यस कार्यविधिको कार्यान्वयनको लागि संचालक समितिले समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

## अनुसूची १

| MASTER KEY MOVEMENT REGISTER | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Location : | | | | | | | | | | | |
| HANDED OVER | | | | | | TAKEN OVER | | | | | |
| Date | Time | Master Key Number/ Nomenclature | Name of Office | Emp. No. | Full Signature | Date | Time | Master Key Number/ Nomenclature | Name of Office | Emp. No. | Full Signature |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## खाना पकाउने ग्यास (एल.पी. ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी नेपाल आयल निगम लिमिटेडको

# अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुराहरूमा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम लिमिटेड अनुरोध गर्दछ ।

**<u>दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :</u>**

१) सिलिण्डर ल्याउँदा/लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर/घोप्टाएर प्रयोग नगरौं ।

२) रेगुलेटर, पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।

३) काम सकेपछि सधैं रेगुलेटर बन्द गर्न नविर्सौं ।

४) खाना पकाउँदा सधैं झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

**<u>ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :</u>**

१) खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको भन्ने बुझ्नुपर्छ । ग्यास लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौं ।

२) झ्याल ढोका खुल्ला राखौं र झिल्का निस्कने बस्तुहरू जस्तै ग्यास चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौं । विद्युतजन्य उपकरणको प्रयोग नगरौं ।

३) ग्यास लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाइ सिलिण्डरमा सेफ्टी क्याप लगाइ वाहिर खुल्ला स्थानमा राखौं र यथाशिघ्र नजिकको ग्यास विक्रेता अथवा ग्यास उद्योगमा सम्पर्क गरौं ।

*"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"*

उपभोक्ताको जनहितका लागि जारी

नेपाल आयल निगम

**नेपाल आयल निगम लिमिटेड**
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१